# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## परीक्षा नियन्त्रण कार्यालय (कक्षा ११ र १२)
## सानोठिमी भक्तपुर

## पूर्वावश्यक पाठ्यक्रम (Pre-requisite Course) को परीक्षा सञ्चालन सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् वा सोद्वारा मान्यता प्राप्त संस्थाबाट स्वास्थ्य विज्ञान विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी पूर्वावश्यक पाठ्यक्रम अध्ययन गरेका विद्यार्थीहरूको २०८३ सालको वार्षिक परीक्षा सञ्चालनका लागि तपसिल अनुसार रजिस्ट्रेसन/परीक्षा आवेदन फाराम भर्ने भराउने तथा परीक्षाको समयतालिकाको समयावधि हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. रजिस्ट्रेसन आवेदन फाराम**

परीक्षामा सहभागी हुन चाहने परीक्षार्थीले विद्यालयमार्फत मिति २०८३/०४/२७ गतेभित्र रजिस्ट्रेसन वापतको शुल्क प्रति विद्यार्थी रु. ४००।- (विलम्ब शुल्करहित) र सो समयावधिभित्र छुट भएका विद्यार्थीहरूले मिति २०८३/०५/०३ गतेभित्र प्रति विद्यार्थी रु. ८०० (विलम्ब शुल्कसहित) बोर्डको खातामा रकम दाखिला गरी सोही दिन कार्यालय समयभित्र बोर्डको सम्बन्धित कार्यालयमा फाराम बुझाई सक्नुपर्नेछ ।

**२. परीक्षा आवेदन फाराम**

परीक्षामा सहभागी हुन चाहने परीक्षार्थीले विद्यालयमार्फत मिति २०८३/०५/०४ गतेभित्र परीक्षा आवेदन फाराम वापतको शुल्क प्रति विद्यार्थी रु. ८००।- (विलम्ब शुल्करहित) र सो समयावधिभित्र फाराम भर्न छुट भएका विद्यार्थीहरूले मिति २०८३/०५/११ गतेभित्र प्रति विद्यार्थी रु. १,६०० (विलम्ब शुल्कसहित) बोर्डको खातामा रकम दाखिला गरी सोही दिन कार्यालय समयभित्र बोर्डको सम्बन्धित कार्यालयमा फाराम बुझाई सक्नुपर्नेछ ।

**३. परीक्षाको समयतालिका**

**परीक्षा समय: बिहान ७ :३० बजेदेखि ९:३० बजेसम्म ।**

| मिति | विषय |
|---|---|
| २०८३/०५/१४ आइतबार | English **(501)** |
| २०८३/०५/१५ सोमबार | Nepali **(502)** |
| २०८३/०५/१६ मंगलबार | Physics **(503)** |
| २०८३/०५/१७ बुधबार | Chemistry **(504)** |
| २०८३/०५/१८ विहीबार | Biology **(505)** |
| २०८३/०५/२० शनिबार | Mathematics **(506)** |

**४. प्रयोगात्मक परीक्षा सञ्चालन**

❖ सम्बन्धित विद्यालयले प्रयोगात्मक परीक्षा सम्पन्न गरी मिति २०८३/०५/१२ गतेभित्र बोर्डका सम्बन्धित कार्यालयहरूमा प्राप्ताङ्क उपलब्ध गराउनुपर्ने छ ।

**नोट :** ***परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।***

**-परीक्षा नियन्त्रक**